# कार्य विवरण

कार्यक्रम: एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम

**पद: प्राविधिक सहजकर्ता**

कार्यक्षेत्र : तोकिएअका पालिकाहरु

सुपरिवेक्षक ; प्राविधिक सयोजक

मुख्य कार्यहरु र जिम्मेवारी

· पालिकामा सन्चालन हुने बिभिन्न प्रकारका खानेपानी तथा सरसफाइ योजना,बहूपयोग, लघु सिचाई योजना, स्वच्छता तथा पुर्ण सरसफाई संग सम्वन्धित क्रियाकलाप प्राविधिक जिम्मेवारी बहन गर्ने|

· कार्यक्रमको मार्गदर्शन अनुसार समुदाय स्तरमा संचालन गरिने खानेपानी तथा सरसफाई योजनाको उपभोता समिति गठना तथा तालिमहरुमा सहजीकरण गर्ने र आवश्यकता अनुसार समुदाय परिचालन गर्ने |

· वार्षिक कार्यक्रम अनुसारका खानेपानी योजनाहरुको सम्भावना अध्ययन,विस्तृत सर्वेक्षण,लागत इस्टमेट तयार गर्ने र लागत इस्टमेट स्वकृति प्रकियाका लागि सहजीकरण गर्ने|

· खानेपानी तथा सरसफाई योजनाहरुको समझौता प्रकियाको लागि उपभोक्ता समिति र पालिकासंग आवश्यक समन्वय तथा सुनिश्चितता गर्ने |

· खानेपानी तथा सरसफाई योजनाहरु नियमित सुपरिबेक्षण गर्ने,डिजीटल स्टेमेट अनुसार निमार्ण कार्यको गुणस्तरसुनिश्चित गर्ने, रसो को प्रगति प्राविधिक सयोजक लाई जानकारी गराउने |

· कार्यक्रमको नीति अनुसार खानेपानी तथा सरसफाई योजनाहरुको सार्बजनिक सुनुवाई, समिक्षा तथा लेखापरीक्षण र विभिन्न चरणका अनुगमन सहयोग गर्ने |

· योजनामा भुतानी पच्क्षतात् अनिवार्य रुपमा भौतिक तथा आर्थिक प्रगतिको समिक्षा गर्ने र सरोकारवालाले भुतानी \ रकम पाय नपायको सुनिश्चित गर्ने |

· योजना कार्यान्वयनको क्रममा उपभोक्ता समितिले गरेको निर्माण कार्यको कार्य प्रगति अनुसारको नाप जाच (MB) तयार गरि उपभोक्ता समितिलाई विल भर्पाइ तयार गर्ने सहजीकरण गर्ने|

· योजना निर्माण सकियपछी अन्तिम अनुगमन एवं कमिसनिमा सहगीकरण गर्ने, योजना कार्यान्वयनको क्रममा उपभोक्ता समितिलाई बिल भरपाई तयार गर्न सहजीकरण गर्ने,योजनाको कागजात तथा खातापाता व्यवस्थापनमा सहजीकरण गर्ने |

· उपभोक्ता समिति मार्फत हुने निर्माण सामग्री खरिद प्रक्रिया लाई प्रतिस्पर्धात्मक, पारदर्शीता, जवाफदेहिता रनिष्पक्ष बनाउन सहजीकरण गर्ने |

· निर्माण सामग्रीहरुको गुणस्तर कायम गर्न उपभोक्ता समितिलाई सहयोग तथा सहजीकरण गर्ने|

· सम्पन योजनाको नियमित अनुगमन, कोचिग,तालिम तथा सम्बधित पालिकाका योजनाहरुको NWASH ड़ाटा अद्यावधिक गर्ने |

· निमार्ण पूर्ण तथा पच्क्षता क्रियाकलाप गर्ने |

· निर्माण चरणमा उपभोक्ता समितिहरुलाई आवश्यकता अनुसार सहयोग गर्ने|

· पालिकाबाट विनियोजित समपुरक कोष निकासाक लागि आवश्यक सहजीकरण गर्ने |

· कार्यक्रम अन्तर्गत योजनाहरुको Baseline तथा Fndline Survey सम्पन गर्ने सहजीकरण गर्ने |

· स्थानीय तह, उपभोक्ता समिति, उपभोक्ता तथा दर्त्रु सस्था संगसमन्वय गरि कार्यक्रम संचालनमा सहजीकरण गर्ने |

# कार्य विवरण

कार्यक्रम: एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम

**पद: सामाजिक सहजकर्ता**

कार्यक्षेत्र: तोकिएअका पालिकाहरु

सुपरिवेक्षक: क्षमता बिकास संयोजक

· साझेदार संस्थाले तोकेका मुख्य कार्यहरु र जिम्मेवारी, पालिकामा सञ्चालन हुने भिबिन्न प्रकारका खानेपानी तथा सरसफाइ योजना,बहुउपयोग, लघुसिँचाई योजना, स्वच्छता तथा पूर्ण सरसफाइसंग सम्बधित योजनाहरुका आधारभुत तथ्यांक संकलन तथा अधारभूतसूचकहरू पुरा गराउन सामाजिक परिचालन गर्ने ।

· कार्यक्रमको निदेर्शिका भित्र रही खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको गठन गर्ने, नगरपालिका तथा गाउपालिकामा उपभोक्ता समिति दर्ता प्रक्रियामा सहजीकरण गर्ने । उपभोक्ता समिति गठन गर्दा लैङ्गीकता, सामाजिक समावेशीकरण तथा समुदायमा पछी परेका समुहहरुको सार्थक सहभागीताको सुनिश्चतता गरी निर्णय प्रक्रीयामा उनीहरुको प्रतिनिधित्व गर्न सहजीकरण गर्ने ।

· खानेपानी तथा सरसफाई योजनाहरुको सम्झौता प्रक्रियाको लागी उपभोक्ता समिति र पालिकासंग आवश्यक समन्वय तथा सुनिश्चतता गर्ने ।

· सामाजिक परिचालनका बिभिन्न गतिबिधिहरु सञ्चालन गर्दा कार्यक्रम बाट खटिएका फिल्ड कर्मचारी तथा सुपरिवेक्षक, कार्यक्रम संयोजक तथा संस्थाको कार्यालय संग समन्वय गर्ने ।

· उपभोकत्ता समिति र समुदायहरूको क्षमता बिकासका लागी नगर तथा गाउपालिका तथा योजनास्तरमा आयोजना गरिने भिबिन्न अभिमुखीकरण तालिम तथा गोष्टीहरूको कार्ययोजना तयार गर्दै तालिममा सहजीकरण गर्ने, संस्थागत बिकासमा सहयोग गर्ने ।

· योजनाहरुको कार्यान्वयन पाश्चात सार्बजानिक सुनुवाइ, समिक्षा तथा लेखा परिक्षण संचालनमा सहजीकरण गर्ने ।

· योजनामा भुक्तानी पश्चात अनिबार्य रुपमा भौतिक तथा आर्थिक प्रगतिको समिक्षा गर्ने र सरोकारवालाले भुक्तानी /रकम पाए नपाएको सुनिश्चित गर्ने ।

· योजना संचालनमा कुनै किसीमको बिवाद आएमा सामुहिक रुपमा बिवाद सुल्झाउन पहल गने ।

· योजना कार्यान्वयनको क्रममा उपभोक्ता समितिलाई बिल भर्पाइ तयार गर्न सहजीकरण गर्ने, योजनाको कागजात तथा खातापाता व्यवस्थापनमा सहजीकरण गर्ने ।

· फिल्डमा कार्यरत प्राबिधिक एवं अन्य कर्मचारीहरु संग समन्वय गरि कार्य गर्ने ।

संझौतामा उल्लेख गरिए अनुसार सञ्चालित योजनाहरुको त्रैमासीक, अर्धबार्सिक तथा बार्षिक प्रतिबेदन समयमै पेश गर्न क्षमता बिकास संयोजकलाई आवश्यक तथ्यङ्क तथा सूचनाहरु उपलब्ध गराउने ।

· सम्पन्न योजनाहरुको नियमित अनुगमन, कोचिंग,तालिम तथा सम्बन्धित पालिकाका योजनाहरुको **NWASH** मा डाटा अध्यावधीक गर्ने कार्यमा समेत सामुदायिक सहजकर्ताले सहयोग गर्ने ।

· सरसफाइ एवं स्वचछताको सूचकहरुको सुनिश्चित गर्न घरभेट, समूह छलफल तथा निमियत अनुगमनको प्रणालीको बिकास गर्नुका साथै समुदायलाई स्व अनुगमन मूल्याङ्कन बिधि अवलम्वन गरन लगाउने । योजना क्षेत्र, वडा तथा पालिकालाई सफा तथा स्वछ क्षेत्र घोषणा गर्न सहयोग गर्ने ।

· निर्माण पूर्व तथा पश्चातका क्रियाकलापहरु गर्न सहयोग गर्ने ।

· वाह्य निर्माण सामाग्रीको ढुवानी तथा भण्डारणका लागि आवश्यकता अनुसार उपभोक्ता समितिहरुलाई सहयोग र सहजिकरण गर्ने ।

· पालिकाहरुबाट बिनियिजित समपूरक कोष निकासाका लागी आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

· कायक्रम अन्तगयत योजनाहरुको **Baseline** तथा **Endline survey** सम्पन्न गर्न सहजीकरण गर्ने ।

· स्थानीय तह, उपभोक्ता समिति, उपभोक्ता तथा दातृ संस्था साँग समन्वय गरि कार्यक्रम संचालनमा सहजीकरण गर्ने ।